# अध्ययन अनुसन्धान तथा विश्लेषण कार्यको लागि विज्ञको सूचि (रोष्टर) मा सूचीकृत हुने सम्बन्धी सूचना

कोशी प्रदेश

**प्रदेश योजना आयोग**

चाँदनी चौक, विराटनगर

मिति: २०८२।०९।१०

यस कोशी प्रदेश योजना आयोगका लागि आ.व. २०८२/२०८३ को लागि आयोगले गर्ने/गराउने विभिन्न अध्ययन अनुसन्धान तथा विश्लेषण कार्यको लागि विज्ञको सूचि (रोष्टर) तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिम योग्यता तथा अनुभव पुगेका इच्छुक व्यक्तिले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र यस आयोगमा आइपुग्ने गरी दर्ता गराउन हुन वा इमेल info.ppc@p1.gov.np मार्फत पठाउन हुन यो सूचना प्रकाशन गरिएको छ । थप जानकारीको लागि कोशी प्रदेश योजना आयोग, विराटनगरमा सम्पर्क गर्न सक्नुहुनेछ ।

## क. निवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरु :

१. विस्तृत वैयक्तिक विवरण (वायोडाटा)

२. नागरिकताको प्रमाणित प्रतिलिपि

३. न्यूनतम शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि

४. अनुभवसँग सम्बन्धित कागजातहरू

५. कुनै संघ/संस्था वा निकायमा कार्यरत भए सो निकायबाट अध्ययन अनुसन्धान तथा विश्लेषण कार्य गर्नको लागि प्रदान गरिएको अनुमति/ स्वीकृति

६. स्वघोषणा

## ख. आवश्यक विज्ञहरुको विवरण, शैक्षिक योग्यता र कार्यानुभव :

| क्र. सं. | विषयक्षेत्रगतविज्ञ | शैक्षिकयोग्यता | अनुभव |
|---|---|---|---|
| १ | **आर्थिक विकास तथा सार्वजनिक वित्त विज्ञ** | मान्यता प्राप्त विश्वविद्यालयबाट अर्थशास्त्रमा स्नातकोत्तर उतीर्ण गरेको । पिएचडि गरेकोलाई थप मान्यता दिइनेछ । | आर्थिक विकास, विकास अर्थशास्त्र, नीति तथा योजना तर्जुमा, सार्वजनिक वित्त व्यवस्थापनको क्षेत्रमा जस्ता विषयमा अध्ययन अनुसन्धान, अध्यापनको अनुभवभएको, विश्वविद्यालय, योजनाआयोग, सरकारी वा गैरसरकारी निकायको उच्चतहमा कम्तीमा १० वर्ष कार्य गरेको अनुभव भएको। |
| २ | **सामाजिक विकास विज्ञ** | मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र/मानवशास्त्र/राजनीति शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उतीर्णगरेको।<br>पिएचडि गरेकोलाई थप मान्यता | सामाजिक विकासको क्षेत्रमा अध्ययन, अध्यापन, नीति तथा योजना निर्माण र विकासका अन्तरसम्बन्धित (crosscutting issue) बिषयमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी |

शाखा अधिकृत

| क्र सं | विषयक्षेत्रगतविज्ञ | शैक्षिकयोग्यता | अनुभव |
|---|---|---|---|
| | | दिइनेछ । | वा गैरसरकारी निकायको उच्च तहमा कम्तीमा १० वर्ष कार्य गरेको अनुभव भएको। |
| ३ | **पूर्वाधार विकास विज्ञ** | सिभिल इन्जिनियरिग, आर्किटेक्ट, शहरी विकास, वा क्षेत्रीय विकासमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको । पिएचडि गरेकोलाई थप मान्यता दिइनेछ । | पूर्वाधार विकासको क्षेत्रमा अध्ययन, अध्यापन, नीति तथा योजना तर्जुमा दख्खल भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायको उच्च तहमा कम्तीमा १० वर्ष कार्य गरेको अनुभव भएको। |
| ४ | **शासकीय सुधार विज्ञ** | जनप्रशासन, कानुन, सार्वजनिक नीति, राजनीति शास्त्र वा व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | जनप्रशासन, सुशासन, शासकीयसुधार, सार्वजनिक नीति तथा कानून निर्माण, योजना निर्माण काक्षेत्रमा दख्खल भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा कम्तीमा १० वर्ष काम गरेको अनुभव भएको। |
| ५ | **लैंगिक समानता तथा समावेशीकरण विज्ञ** | मान्यता प्राप्त विश्वविद्यालयबाट समाजशास्त्र/मानवशास्त्र/राजनीति शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उतीर्ण गरेको। | सामाजिक विकासको क्षेत्रमा अध्ययन, अध्यापन, नीति तथा योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा लैंगिक समानता तथा समाबेशिता सम्बन्धीक्षेत्रमा कम्तीमा १२ वर्ष कार्य अनुभव भएको। |
| ६ | **शिक्षा विकास विज्ञ** | शिक्षा शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्णगरेको। | शिक्षा क्षेत्रको विकास, अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजनाआयोग, सरकारी वा गैरसरकारी निकायमा शिक्षा विकासको क्षेत्रमा कम्तीमा १२ वर्ष कार्य अनुभव भएको। |
| ७ | **जनस्वास्थ्य विज्ञ** | जनस्वास्थ्य वा मेडिसिनमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | स्वास्थ्य क्षेत्रको विकास, अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजनाआयोग, सरकारी वा गैरसरकारी निकायमा जनस्वास्थ्य व्यवस्थापन क्षेत्रमा कम्तीमा ७ वर्ष कार्य अनुभव भएको। |
| ८ | **वन तथा वातावरण** | वनविज्ञान, वातावरण विज्ञान, | वन तथा वातावरणर जैविक विविधता |

शाखा अधिकृत

कोशी प्रदेश सरकार
प्रदेश योजना आयोग
विराटनगर, नेपाल

| क्र स | विषयक्षेत्रगतविज्ञ | शैक्षिकयोग्यता | अनुभव |
|---|---|---|---|
| | विज्ञ | वावातावरण व्यवस्थापनमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको। | सम्बन्धी अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा वन तथा वातावरण क्षेत्रमा कम्तीमा १० वर्ष कार्य अनुभव भएको। |
| १ | पर्यटन विज्ञ | पर्यटन व्यवस्थापन/ समाजशास्त्र/ ग्रामीण विकास सम्बन्धमा कम्तीमा स्नातकोत्तर उत्तीर्ण गरेको। | पर्यटन तथा अतिथि सत्कार विषयक क्षेत्रमा अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा पर्यटन तथा अतिथि सत्कार (होटल व्यवस्थापन) क्षेत्रमा कम्तीमा ७ वर्ष कार्य अनुभव भएको। |
| १ | विपद तथा जलवायु परिवर्तन व्यवस्थापन विज्ञ | भूगोल, सिभिल इन्जिनियरिङ्ग, वन विज्ञान, वातावरण विज्ञान र वातावरण व्यवस्थापन मध्ये कुनै एक विषयमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | विपद व्यवस्थापनको क्षेत्रमा अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा विपद व्यवस्थापन तथा जलवायु अनुकुलम क्षेत्रमा कम्तीमा ७ वर्ष कार्य अनुभव भएको। |
| १ | कृषि तथा खाद्य सुरक्षा विज्ञ | कृषि विज्ञान वा कृषि अर्थशास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | कृषि तथा पशुपक्षी विकास क्षेत्रमा अध्ययन अनुसन्धान, नीति/योजना निर्माणमा अनुभव भएको, विश्वविद्यालय, योजना आयोग, सरकारी वा गैरसरकारी निकायमा कम्तीमा ७ वर्ष कार्य अनुभव भएको। |
| १ | तथाङ्क विद् | मान्यता प्राप्त विश्वविद्यालयबाट गणित तथा तथ्याङ्क शास्त्र/ जनसंख्या शास्त्रमा कम्तीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको। | सामाजिक, आर्थिक, राजनीतिक तथा वातावरणीय तथ्याङ्कहरूको विश्लेषण र प्रतिवेदन तयारी सम्बन्धी कम्तीमा ७ वर्ष कार्य अनुभव भएको। |

- सम्बन्धित क्षेत्र वा विषयमाविद्यावारिधी (पिएचडी) गरेकोलाई विशेष तथा थप ग्राह्यता दिइनेछ ।
- विज्ञको रोष्टरमा राख्ने वा नराख्ने भन्ने सम्पूर्ण अधिकार आयोगमा रहनेछ ।
- विज्ञहरुले स्वेच्छिक रुपमा पारिश्रमिक नलिइ विज्ञता उपलब्ध गराएको अवस्थामा बाहेक तोकिएको पारिश्रमिक उपलब्ध गराइनेछ ।
- रोष्टरमा रहेका विज्ञहरुलाई आपसी सहमतिका आधारमा कुनै जिम्मेवारी दिन सकिनेछ ।

शाखा अधिकृत

- थप जानकारीको लागि आयोगको वेभसाइट https://ppc.koshi.gov.np वा कार्यालय समयमा फोन नं. ९८४२०७५७४९ (सूचना अधिकारी) मा सम्पर्क गर्नु हुन जानकारी गराइन्छ । निवेदन आयोगको आधिकारिक मेल info.ppc@p1.gov.np मा पठाउन वा कार्यालयमा आइ दर्ता गराउन सकिनेछ ।



शाखा अधिकृत